नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

## शुभकामना

मे १, अन्तर्राष्ट्रिय श्रमिक दिवस २०२३ को अवसरमा स्वदेश तथा विदेशमा कार्यरत सम्पूर्ण श्रमजीवी दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हामीले वितेका १ सय ३३ वर्षदेखि मे १ का दिन अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउँदै आएका छौं । काम गर्नेमाथि काम लगाउनेहरुको ज्यादतिका विरुद्ध सन् १८८६ मा अमेरिकाको सिकागोमा पहिलो संगठित मजदुर आन्दोलन भएको थियो । त्यस आन्दोलनमाथि भएको चरम दमनको स्मरण गर्दै आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन र आठ घन्टा आरामको माग सहित सन् १८९० देखि विश्वभरी श्रमिक दिवस मानाउँदै आएका छौं ।

पहिलो पटक वाष्प इन्जिनको आविस्कार र औद्योगिक युग सुरु भएपछि फ्रान्सको लियो शहरमा सन् १८३१ मा पहिलो मजदुर आन्दोलन भएको थियो । त्यसको ८८ वर्षपछि सन् १९१९ मा अन्तर्राष्ट्रिय श्रम संगठन बन्यो । त्यसको ४७ बर्षपछि मात्र नेपालले त्यसमा प्रवेश पायो । श्रमिक, रोजगारदाता र सरकारको त्रिपक्षीय संलग्नता रहने अन्तर्राष्ट्रिय श्रम संगठनको नेपाल कार्यालय नेकपा (एमाले) नेतृत्वको अल्पमतको सरकार बनेपछि स्थापना भयो ।

नेपालमा विसं २००३ सालमा पहिलो संगठित मजदुर आन्दोलन सुरु भयो । राणशाहीलाई श्रमजीवी जनतासँग सम्झौता गर्न बाध्य पार्ने त्यस आन्दोलनको गौरवशाली विरासत हाम्रो पार्टी नेकपा (एमाले) सँग छ । हाम्रो पार्टीको वैचारिक मार्गदर्शनमा क्रियाशील नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट) त्यही गौरवशाली आन्दोलनको वाहक नेपालको पहिलो मजदुर आन्दोलनको निरन्तरता हो । एशियाका प्रभावशाली ट्रेड युनियनहरु मध्येमा गणना हुने जिफन्ट नेपालमा राष्ट्रिय मान्यता प्राप्त सबैभन्दा प्रतिनिधिमुलक सशक्त पहिलो ट्रेड युनियन महासंघ हो ।

नेकपा (एमाले) त्यस्तो पार्टी हो, जसको सरकारले औद्योगिक प्रतिष्ठान र श्रमिकहरुका सरोकारहरुलाई सम्बोधन गरी सुस्थिर औद्योगिक वातावरण र श्रमिकको सुरक्षित तथा सम्मानित जीवनको सुनिश्चित गर्ने काम गऱ्यो । हाम्रो पार्टीको अगुवाइमा संविधानसभाद्वारा निर्मित नेपालको संविधानले मौलिक हक र कर्तव्यमा श्रमिकका अधिकार सुनिश्चित गरेको छ । नयाँ श्रम ऐन मार्फत श्रमजीवी वर्गको सामाजिक सुरक्षा र रोजगारदाताहरुका लागि लचकतायुक्त श्रम बजारको सुनिश्चितता गरी हाम्रो पार्टीले औद्योगिक क्षेत्रमा अनावश्यक हड्ताल र संघर्ष गर्नु नपर्ने अवस्था सिर्जना गरेको थियो ।

नेपालको श्रमिक आन्दोलनले यस दिवसलाई श्रमिकहरुको सम्मानित, सुरक्षित र समृद्ध जीवन प्राप्तिको उपलब्धिका रुपमा मनाउन पाएको छ । विगतका वर्षमा हाम्रो सरकारले उद्यमी तथा श्रमिक दुबै पक्षबीच उच्च समझदारी कायम गरेको थियो । त्यही समझदारीका कारण श्रमिकको

तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

न्यूनतम पारिश्रमिक इतिहासमै उच्च, ३९ प्रतिशतले बृद्धि भएको थियो । त्यसले नियमितजसो औद्योगिक द्वन्द्वको पीडा झेलिरहेको नेपाली श्रम क्षेत्रमा हडताल र तालाबन्दीको समस्या अन्त्य भएको थियो । फलस्वरुप हाम्रो अर्थतन्त्रले तीव्र विकासको लय समातेको थियो । हाम्रै सरकारले श्रमिकको पारिश्रमिक बैंकमार्फत भुक्तानी गर्ने र काम गर्दाको समयमा वा सेवा निवृत्त भएपछिको जीवनलाई सुरक्षित गर्न योगदानमा आधारित सामाजिक सुरक्षाको शुरुवात गऱ्यो । कोभिड-१९ महामारीको बेला सामाजिक सुरक्षा कोषमा आवद्ध सम्पूर्ण श्रमिकहरुको आयमा कमी नआओस् भनेर नै प्रत्येक श्रमिकको योगदान बराबरको रकम सरकारले नै कोषमा जम्मा गरिदिने व्यवस्था गऱ्यो ।

नेकपा (एमाले)लाई सरकारबाट हटाइएपछि सम्मानित, सुरक्षित श्रम जीवन, स्वस्थ नागरिक, सीपयुक्त नागरिक, मर्यादित काम र सामाजिक सुरक्षातर्फका पाइलामा अवरोध पुग्यो । सामाजिक परिवर्तन, आर्थिक विकास र सुनिश्चित श्रम जीवन निर्माणको यात्रा अवरुद्ध हुन पुग्यो । नेकपा (एमाले)लाई बलियो राष्ट्रिय शक्तिको रुपमा स्थापित गरेर मात्र हामी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सक्छौं र रोकिएका समृद्धिका हाम्रा पाइलाहरुलाई अघि बढाउन सक्छौं । नेकपा (एमाले)को यस अभियानमा सबैको साथ र ऐक्यवद्धता रहने छ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी तथा दाजुभाइहरुमा सुस्वास्थ्य, सुख र समृद्धि तथा सम्मानित जीवनको पुनः शुभकामना व्यक्त गर्दछु ।

१८ बैशाख २०८०
(१ मे २०२३)

केपी शर्मा ओली
अध्यक्ष